# जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लि.
# JOSHI HYDROPOWER DEVELOPMENT COMPANY LTD.

Kalopul, Kathmandu, Nepal
Tel: 01-4462844
Website: www.joshihydropower.com


च. नं. १0/०८१/८२

मिति : २०८१/०९/२३

श्री नेपाल स्टक एक्चेन्ज लि.,

सिहदरवार प्लाजा, काठमाडौं ।

**विषय : जानकारी गराईएको बारे ।**

महोदय,

उपरोक्त विषयमा यस जोशी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको मिति २०८१/०९/२३ गते बसेको संचालक समितिको पच्चिसौं बैठकले कम्पनीको नवौं र दशौं (२०७९/०८० र २०८०/०८१) वार्षिक साधारण सभा मिति २०८१/१०/१५ गते मंगलबार विहान १०:०० बजे सेलिब्रेशन हाईट, सुकेधारा, काठमाडौमा वस्ने र सो वार्षिक साधारण सभा प्रयोजनको निमित्त मिति २०८१/१०/०३ गते १ दिन शेयर दाखिल खारेज(Book Close) बन्द गर्ने निर्णय भएको व्यहोरा अनुरोधका साथ जानकारी गराउँदछौ ।

**संलग्न :**

संचालक समितिको निर्णय पाना-२

गंगा प्रसाद जोशी

अध्यक्ष

यस जोशी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको संचालक समितिको २५ औं बैठक आज मिति २०८१ साल पौष २३ गते दिउँसो ३:०० बजे कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री गंगा प्रसाद जोशीको अध्यक्षतामा बसी निम्न प्रस्ताव उपर छलफल तथा निर्णयहरु गरियो :

उपस्थिति :

१. श्री गंगा प्रसाद जोशी — संचालक, अध्यक्ष

२. श्री कृष्ण प्रसाद अधिकारी — संचालक

३. श्री राधा महजन जोशी — स्वतन्त्र संचालक

छलफलका विषयहरु:

१. संचालक समितिको आ. ब. २०७९/०८० र २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई आगामि साधारण सभामा पेश गर्ने सम्बन्धमा ।

२. आ.ब. २०७९/०८० र २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी सो लाई आगामि साधारण सभामा पेश गर्ने सम्वन्धमा ।

३. आ. व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४. कम्पनी ऐन, २०६३ दफा ७८ बमोजिमकोआ.ब. २०७९/०८० र २०८०/०८१ को विवरण पारित गर्ने सम्वन्धमा ।

५. कम्पनीमा रिक्त रहेको १ जना महिला सहित ३ जना संचालकको निर्वाचन गर्ने सम्वन्धमा ।

६. कम्पनीको आगामि वार्षिक साधारण सभा बोलाउने र साधारण सभाका लागि छलफलका विषयहरु एवं सभा हुने समय ,स्थान र मिति तोक्ने सम्वन्धमा ।

७. विविध ।

निर्णयहरु:

१) प्रस्ताव नं. १ उपर छलफल हुंदा कम्पनीको संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ. ब. २०७९/०८० र २०८०/०८१ को संलग्न बमोजिमको वार्षिक प्रतिवेदन पारित गरी आगामी वार्षिक साधारण सभामा पेश गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं.२ उपर छलफल गर्दा यस कम्पनीको आ.ब. आ. ब. २०७९/०८० र २०८०/०८१ को G. Poudel & Associates, Chartered Accountants द्वारा तयार लेखापरीक्षण प्रतिवेदन उपर छलफल गर्दा सो लेखापरीक्षण प्रतिवेदन मनासिब देखिएकोले सो प्रतिवेदनलाई पारित गर्दै आगामि वार्षिक साधारण सभामा पेश गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ उपर छलफल हुँदा आ. व. २०८१/०८२ को लेखा परिक्षण गर्नको लागि लेखापरीक्षकमा G. Poudel & Associates, Chartered Accountants उपयुक्त भएकोले निजलाई साविकबमोजिम नै

पारिश्रमिक प्रदान गर्ने गरी लेखा परिक्षकमा नियुक्तिको लागि आगामी वार्षिक साधारण सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ उपर छलफल हुँदा कम्पनी ऐन, २०६३ दफा ७८ बमोजिमको आ.ब. २०७९/०८० र २०८०/०८१ को संलग्न बमोजिमको विवरण पारित पारित गर्ने निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ उपर छलफल हुँदा कम्पनीमा रिक्त रहेको १ जना महिला सहित ३ जना संचालकको निर्वाचन सम्वन्धी प्रस्ताव आगामी वार्षिक साधारण सभामा प्रस्तुत गर्ने निर्णय सर्व सम्मतिबाट पारित गरियो ।

६) प्रस्ताव नं. ६ उपर छलफल हुँदा कम्पनीको आगामी नवौं र दशौं (२०७९/०८० र २०८०/०८१ ) वार्षिक साधारण सभामा छलफल तथा निर्णयको लागि पेश हुने विषयहरु र साधारण सभा हुने मिति, समय र स्थान निम्न अनुसार रहेकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउने र सो सम्बन्धी सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने निर्णय गरियो । साथै उक्त साधारण सभा प्रयोजनको निमित्त मिति २०८१/१०/०३ गते १ दिन शेयर दाखिल खारेज(Book Close) बन्द गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**वार्षिक साधारण सभामा पेश हुने छलफलका विषयहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ. ब. २०७९/०८० र २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।

२. लेखा परीक्षक श्री G. Poudel & Associates, Chartered Accountants तयार गरिएको लेखा परिक्षण प्रतिवेदन सहित आ. ब. २०७९/०८० र २०८०/०८१ को वार्षिक हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी परित गर्ने बारे ।

३. आगामि आ. व.२०८१/०८२ को लेखापरिक्षकमा श्री G. Poudyal & Associates, Chartered Accountants, नियुक्त गर्न उपयुक्त हुने भएकोले निजलाई लेखापरिक्षकमा नियुक्ति गर्न र निजको साबिक बमोजिम पारिश्रमिक प्रदान गर्न उपयुक्त हुने भएकोले निजको नियुक्ति तथा परिश्रमिक परित गर्ने बारे ।

४. कम्पनीको रिक्त महिला-१ सहित ३ जना संचालकको निर्वाचन गर्ने बारे ।

५. विविध ।

**सभा हुने मिति, समय र स्थान :**

क) मिति :- २०८१/१०/१५ गते
ख) समय :- बिहान १०:०० बजे
ग) स्थान :- सेलिब्रेशन हाईट, सुकेधारा काठमाण्डौ ।

७. विविध शिर्षक अन्तर्गत आजको यस बैठकमा छलफलको लागि अन्य विषयहरु नभएकोले बैठकको अन्त्य गरियो ।

# जोशी हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेडको
## नवौं र दशौं वार्षिक साधारण सभा बारेको सूचना
### प्रथम पटक प्रकाशित मिति २०८१/०९/२४

यस कम्पनीको मिति २०८१/०९/२३ गते बसेको संचालक समितिको पच्चिसौं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम कम्पनीको नवौं र दशौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले सर्म्पूण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध छ ।

**१. सभा हुने मिति, समय र स्थानः**

मिति : २०८१/१०/१५ गते

समयः विहान १०:०० बजे

स्थानः सेलिब्रेशन हाईट, सुकेधारा, काठमाडौं ।

**२. छलफल तथा निर्णय गर्नुपर्ने विषयहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ. ब. २०७९/०८० र २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।

२. लेखा परीक्षक श्री G. Poudel & Associates, Chartered Accountants द्वारा तयार गरिएको लेखा परिक्षण प्रतिवेदन सहित आ. ब. २०७९/०८० र २०८०/०८१ को वार्षिक हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी परित गर्ने बारे ।

३. आगामि आ. ब.२०८१/०८२ को हर हिसाब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति तथा परिश्रमिक निर्धारण गर्ने बारे ।

४. कम्पनीको रिक्त महिला-१ सहित ३ जना संचालक पदको लागि निर्वाचन गर्ने बारे ।

५. विविध ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

### वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी

१. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनीमहानुभावहरुले सभाकक्षमा प्रवेश गर्नको लागि अनिवार्य रुपले प्रवेशपत्र, आफ्नो परिचय खुल्ने आधिकारिक परिचय पत्र(जस्तै नागरिकता वा अन्य आधिकारिक परिचय पत्र) सहित शेयरधनी उपस्थित हुनु पर्नेछ ।

२. वार्षिक साधारण सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावले सभास्थलमा उपस्थित भई त्यहाँ रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । उपस्थिति पुस्तिका विहान ९:३० बजेदेखि खुल्ला रहनेछ ।

३. सम्पूर्ण शेयरधनीमहानुभावहरुलाई साधारण सभाको सूचना सहित वार्षिक प्रतिवेदन, आर्थिक विवरण, प्रोक्सी फारम र प्रवेश-पत्र पठाउने व्यवस्था मिलाईएको छ । कुनै कारणवश शेयरधनीमहानुभावहरुले प्राप्त गर्न नसक्नु भएमा कम्पनीको कार्यालय, कालोपुल, काठमाडौं तथा शेयर रजिष्ट्रार(सिद्धार्थ क्यापिटल लि.)को कार्यालय, नक्साल, काठमाडौंबाट प्राप्त गर्न सकिनेछ ।

४. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/१०/०३ गते १ दिन कम्पनीको शेयर दाखिल खारेज बन्द रहने छ ।

५. कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनीधि मार्फत छलफल गर्न र मतदान गर्न सकिनेछ । प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा २४ घण्टा अगावै प्रतिनीधिपत्र कम्पनीको कार्यालय, कालोपुल, काठमाडौंमा बुझाईसक्नुपर्नेछ ।

६. संचालक निर्वाचन सम्बन्धी तालिका साधारण सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको सूचनापाटी एवं वेबसाईट www.jhdc.com.np मा प्रकाशन गरिनेछ ।

७. साधारण सभा एवं संचालक निर्वाचन सम्बन्धी अन्य जानकारी आवश्यक परेमा कम्पनीको कार्यालय कालोपुल, काठमाडौंमा कार्यालय समय भित्र ०१-४५६२८४४ मा सम्पर्क गर्न सकिनेछ ।

(मिति २०८१/०९/२४ गते को अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशनको लागि तयार गरिएको सूचनाको नमुना)